जिल्ला समन्वय समितिको कार्यालय

# स्याङ्जा

पत्रसंख्या:२०७७/७८ गण्डकी प्रदेश, नेपाल

चलानीनं. १६९.

मितिः २०७७/११/०३

विषयः बालमैत्री स्थानीय शासन घोषणा सम्वन्धमा।

श्री भीरकोट नगरपालिका
बयरघारी, स्याङ्ग्जा।

प्रस्तुत विषयमा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८, घोषणा कार्यविधि, २०७० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम त्यस भीरकोट नगरपालिकाका सवै ९ बटा वडाहरु (साबिक दार्सिङ्ग दहथुम गा.वि.स., खिलुङ्गदेउराली गा.वि.स., ढापुक सिमलभञ्ज्याङ्ग गा.वि.स., कालिकाकोट गा.बि.स., छाङ्गछाङ्गदी गा.वि.स., स्वरेक गा.वि.स. र बानेथोक देउराली गा.वि.स.) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यान्वयन घोषणाको प्रक्रियामा विगत देखि नै कार्य गर्दै आएको र हाल न्यूनतम सूचक र मापदण्ड पुरा गरी वडागत प्रतिवेदन सम्वन्धीत स्थानीय तहबाट यस कार्यालयमा प्राप्त भई सो वडाहरुको बालमैत्री स्थानीय शासन जिल्ला समितिले अनुगमन उप समिति गठन गरी अनुगमन गर्दा सम्पूर्ण वडाहरु निर्धारित न्यूनतम सूचक तथा मापदण्डहरु पुरा गरेको देखिएकाले बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणाको अनुमति दिइएको व्यहोरा बालमैत्री स्थानीय शासन जिल्ला समितिको मिति २०७७/१०/२९ को निर्णयानुसार अनुरोध छ।

बिश्व प्रकाश अर्याल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी

आज मिति २०७७/१०/२९ गतेका दिन बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ अनुसार बालमैत्री स्थानीय शासनलाई जिल्ला स्तरमा एकीकृत र समन्वयात्मक ढंगबाट प्रर्वद्धन गर्न जिल्लास्तरमा रहने बालमैत्री स्थानीय शासन जिल्ला समितिको बैठक समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख सीता कुमारी सुन्दासज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी निर्णयहरु भयो ।

उपस्थितिः

| क्र.स. | नाम थर | पद | निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सीता कुमारी सुन्दास | प्रमुख | जि.स.स. | |
| २ | श्री सीमा के.सी. कर्माचार्य | का.वा. प्रमुख | भिरकोट नगरपालिका | |
| ३ | श्री दिलिप कुमार वगाले | उप- प्रमुख | जि.स.स. | |
| ४ | श्री विश्वं प्रकाश अर्याल | जि.स.अ. | जि.स.स. | |
| ५ | श्री प्रकाशवन्धु अर्याल | वि.नि. | शिक्षा विकास तथा स. इकाई | |
| ६ | श्री याम प्रसाद शर्मा | प्रमुख | स्वास्थ्य कार्यालय स्याङ्जा | |
| ७ | श्री उज्वल वहादुर वस्नेत | प्र.अ. | जिल्ला प्रशासन का।र्यालय | |
| ८ | श्री सीता थापा | सदस्या | जि.स.स. | |
| ९ | श्री कुमार शर्मा | प्र.स. नि. | जिल्ला प्रहरी कार्यालय | |
| १० | ईश्वर पराज्ुली | सचिव | जिल्ला वाल संगठन | |
| ११ | बिष्णु माया काफ्ले | कार्यपालिका सदस्य | भिरकोट नगरपालिका | |
| १२ | कमल पौडेल | अध्यक्ष | गै.स.स.महासंघ स्याङ्जा | |
| १३ | खुमकान्त खनाल | फो.पर्सन | वालमैत्री संस्था शासन भिरकोट नगरपालिका | |
| १४ | गोपी कृष्ण अर्याल | शा.अ. | जि.स.स.कार्यालय | |

निर्णय नं.१

बालमैत्री स्थानीय शासन सुनिश्चित भएको स्थानीय तह घोषणा गर्नका लागी बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ ले तोकेको सबै मापदण्डहरु पुरा गरेकाले घोषणाको अनुमती पाउँ भनी भीरकोट नगरपालिकाको निर्णय सहित भीरकोट नगरकार्यपालिकोको कार्यालयबाट अनुरोध भै आएकोमा

यस समितिको मिति २०७७।०९।१४ गते समितिका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख सीता कुमारी सुन्दासको अध्यक्षतामा बसेको बैठकबाट जिल्ला समन्वय समिति स्याङ्जाका उपप्रमुख दिलिप कुमार बगालेको संयोजकत्वमा अनुगमन समिति गठन गरी सो अनुगमन समितिबाट बिभिन्न समयमा स्थलगत अनुगमन समेत भएको र अनुगमन गरिएका सबै स्वास्थ्य चौकी तथा बिद्यालयहरुले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ ले तोकेका सुचकहरु पुरा गरेको पाइएको र कार्यालयमा छलफल गर्दा अन्य सूचकहरु समेत पुरा गरेको बुझिएकाले कार्यविधिको मुल भावनाको परिपुर्ति हुने गरी हाल प्राप्त भएका मापदण्डहरुलाई निरन्तर कायम राख्दै भविष्यमा अन्य नियम कानुन र कार्यविधिले तोक्ने बालमैत्री स्थानीय शासनसंग सम्बन्धित जिम्वेवारीलाई समेत बहन गर्ने गरी हालको उपलब्धीको आधारमा भिरकोटं नगरपालिकालाई बालमैत्री स्थानीय शासन सुनिश्चित भएको स्थानीय तह घोषणा गर्नका लागि अनुमति प्रदान गर्ने ।